# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

( आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रयमास - २०७६ चैत मसान्तको अपरिष्कृत वित्तिय विवरणको आधारमा)

**नेपाल राष्ट्र बैंक**

**लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग**

**असार, २०७७**

# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

## लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति


१. **लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा स्थिर रहेपनि शाखाहरुको विस्तारको क्रम भने जारीनै रहेको छ ।** २०७६ चैत मसान्तसम्ममा “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुको संख्या ८९ पुगेको छ । ८९ लघुवित्त वित्तीय संस्थाहरु मध्ये आरएमडिसी लघुवित्त, साना किसान विकास लघुवित्त, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त र आरएसडिसी लघुवित्त वित्तीय संस्था गरी ४ वटा थोककर्जा प्रदायक लघुवित्त वित्तीय संस्था रहेका छन् भने बाँकी ८५ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु रहेका छन । अघिल्लो आर्थिक वर्ष २०७५/७६ को चैतमसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुको संख्या ८९ रहेको थियो । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७६ असारको तुलनामा ११.१४ प्रतिशतले वृद्धि भई ३,९४२ पुगेको देखिन्छ । सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या १२.७७ प्रतिशतले वृद्धि भई ३०९ हजार, सदस्य संख्या ८.३४ प्रतिशतले वृद्धि भई ४,६९२ हजार, ऋणी संख्या ६.२७ प्रतिशतले वृद्धि भई २,८४९ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा १९,६७२ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७६ असारमसान्तको तुलनामा १३.३० प्रतिशतले बढी हो (तालिका १)।

**तालिका १ः लघुवित्त वित्तीय संस्थाहरुको पहुँच स्थिति**

| | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३) *१०० |
| कुल संस्था संख्या | ६५ | ८९ | ९० | ८९ | ३६.९२ | -१.११ |
| कुल शाखा संख्या | २,४५० | ३,४१२ | ३,५४७ | ३,९४२ | ३९.२७ | ११.१४ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | १७३ | २५५ | २७४ | ३०९ | ४७.४० | १२.७७ |
| कुल समूह संख्या (हजारमा) | ५६३ | ८६१ | ९२७ | १,०४० | ५२.९३ | १२.१९ |
| कुल सदस्य संख्या (हजारमा) | २,८५७ | ४,११६ | ४,३३१ | ४,६९२ | ४४.०७ | ८.३४ |
| कुल ऋणी संख्या (हजारमा) | १,८५४ | २,५५७ | २,६८१ | २,८४९ | ३७.९२ | ६.२७ |
| कुल कर्मचारी संख्या | ११,५५७ | १६,७८५ | १७,३६२ | १९,६७२ | ४५.२४ | १३.३० |
| राष्ट्रिय स्तरका संस्था* | २८ | ३२ | ४१ | ४५ | १४.२९ | ९.७६ |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | ३७ | ४० | ४९ | २९ | | |
| प्रादेशिकस्तरका संस्था | | | | १५ | | |


**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*

चित्र १: लघुवित्त संस्था र शाखा संख्या




२. प्रदेशगत रुपमा हेर्दा सबभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको शाखा प्रदेश नं ५ मा रहेको देखिन्छ । २०७६ चैत मसान्तसम्ममा उक्त प्रदेशमा लघुवित्त वित्तीय संस्थाका ९०२ वटा शाखाहरु संचालनमा रहेका छन् । तत्पश्चात लघुवित्त वित्तीय संस्थाहरुको धेरै शाखा भएको प्रदेशमा प्रदेश नं २ रहेको छ । सबभन्दा कम कर्णाली प्रदेशमा लघुवित्त वित्तीय संस्थाहरुका १८२ वटा शाखा रहेका छन् ।

**चित्र २: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा**



## पुँजीकोष

३. **लघुवित्त वित्तीय संस्थाहरुको पूँजीकोष समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७६ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी र पुँजीकोष न्युनतम क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने बैधानिक व्यवस्था रहेको छ । २०७६ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः ११.६६ प्रतिशत र १२.५१ प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पूँजी २०७६ असार मसान्तको तुलनामा २१.५७ प्रतिशतले र जोखिम भारित सम्पति १८.५० प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः ३६.३८ प्रतिशत र ४७.५१ प्रतिशतले बढेको थियो (तालिका २)।

**तालिका २ः पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| चुक्ता पुँजी | १११८.२५ | १५२५.०७ | १७०७.७८ | २०७६.१० | ३६.३८ | २१.५७ |
| प्राथमिक पुँजी | १९६४.५५ | २६७३.६३ | २९९४.९६ | ३४०७.९० | ३६.०९ | १३.७९ |
| पुँजी कोष | २१२६.३६ | २८९०.०२ | ३२२२.८९ | ३६५६.६२ | ३५.९१ | १३.४६ |
| जोखिम भारित सम्पत्ति | १५५३३.७७ | २२९१३.५४ | २४६७५.७४ | २९२४१.१५ | ४७.५१ | १८.५० |
| प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१२.६५** | **११.६७** | **१२.१४** | **११.६५** | | |
| पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१३.६९** | **१२.६१** | **१३.०६** | **१२.५१** | | |

## वित्तीय स्रोत संकलन

४.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले सापटी रकम बढाएका छन् ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत सापटी मात्र रहेको छ । २०७६ चैत मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले ३६ अर्ब १९ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको तेस्रो त्रयमाससम्मको १०.८७ प्रतिशतको वृद्धिको तुलनामा आर्थिक बर्ष २०७६/७७ को सोही अवधिमा १५.८७ प्रतिशतले बढेको छ । २०७६ चैत मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ५.५३ गुणासम्म पुगेको छ (तालिका ३)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

## तालिका ३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | - | - | - | - | - | - |
| (ख) सापटी | २६४२.४६ | २,९२९.६० | ३,१२३.४५ | ३,६१९.२७ | १०.८७ | १५.८७ |
| **कुल वित्तीय स्रोत संकलन** | **२६४२.४६** | **२,९२९.६०** | **३,१२३.४५** | **३,६१९.२७** | १०.८७ | १५.८७ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | ४३३.५४ | ५१८.४२ | ५४७.४६ | ६५४.९६ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | ६.१० | ५.६५ | ५.७१ | ५.५३ | | |

४.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले पनि निक्षेप संकलन र सापटी रकम बढाएका छन् ।** २०७६ चैत मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप रू. १ खर्ब ४ अर्ब ३ करोड र सापटी रू. १ खर्ब ८ अर्ब ८८ करोड गरी जम्मा रू. २ खर्ब १२ अर्ब ९२ करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र प्राप्त सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७५/७६ को तेस्रो त्रयमाससम्म क्रमश ५६.२२ र ४५.४३ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा निक्षेप संकलन र प्राप्त सापटी रकम क्रमश २१.५० र १४.३१ प्रतिशतले बढेको छ । २०७६ चैत मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ७.९४ गुणासम्म पुगेको छ ( तालिका ४)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

## तालिका ४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| (क) निक्षेप | ४९५४.८८ | ७,७४०.४३ | ८,५६३.१९ | १०,४०३.९० | ५६.२२ | २१.५० |
| (ख) सापटी | ६१२५.९१ | ८,९०८.७४ | ९,५२४.७७ | १०,८८८.२३ | ४५.४३ | १४.३१ |
| **कुल वित्तीय स्रोत संकलन** | **१,१०,८०.७९** | **१,६६,४९.१७** | **१,८०,८७.९६** | **२,१२,९२.१३** | ५०.२५ | १७.७१ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | १३३८.१७ | १७६४.४० | २१२६.१७ | २६८२.४३ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **८.२८** | **९.४४** | **८.५१** | **७.९४** | | |

## कर्जा तथा सापट

५.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकममा र निष्कृय कर्जाको अनुपातमा वृद्धि भएको छ** । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७६ असारको तुलनामा ६.७८ प्रतिशतले वृद्धि भई २०७६ चैत मसान्तमा रू. ३९ अर्ब २८ करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. १४ करोड ८९ लाख अर्थात ०.३८ प्रतिशत रहेको छ । २०७६ असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.०४ प्रतिशत रहेको थियो भने २०७५ चैत मसान्तमा यस्तो अनुपात ०.०५ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ८६६.८८ प्रतिशत छ । सक्रिय कर्जा भने ६.४२ प्रतिशतले वृद्धि भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा १७.०१ प्रतिशतले बढेको थियो (तालिका ५) ।

**तालिका ५: कर्जा तथा सापटको वर्गीकरण(थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | २९४२.८ | ३,४४३.४३ | ३,६७७.३१ | ३,९१३.५३ | १७.०१ | ६.४२ |
| निष्क्रिय कर्जा | ०.७ | १.५६ | १.५४ | १४.८९ | १२२.८६ | ८६६.८८ |
| **कुल कर्जा तथा सापट** | **२९,४३.५** | **३४,४४.९९** | **३६,७८.८५** | **३९,२८.४२** | १७.०४ | ६.७८ |
| निष्क्रिय कर्जा अनुपात | **०.०२** | **०.०५** | **०.०४** | **०.३८** | | |

५.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकम र निष्कृय कर्जाको अनुपात बढेको छ** । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७६ असारको तुलनामा १४.७९ प्रतिशतले बढेर २०७६ चैत मसान्तमा रू.२ खर्ब २७ अर्ब ७० करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. ५ अर्ब ८ करोड अर्थात २.२३ प्रतिशत रहेको छ । २०७६ असार मसान्तमा निष्कृय कर्जाको अनुपात १.१८ प्रतिशत रहेको थियो भने २०७५ चैत मसान्तमा यस्तो अनुपात १.४४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ११६.७१ प्रतिशत छ । गत आर्थिक वर्षको चैत्र मसान्तमा ५६.४८ प्रतिशतले वृद्धि भएको सक्रिय कर्जाको वृद्धिदर समीक्षा अवधिमा १३.५७ प्रतिशत रहेको छ (तालिका ६) ।

**तालिका ६: कर्जा तथा सापटको वर्गीकरण(खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/१) *१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | ११५१४.५६ | १८,०१८.४२ | १९,६०१.९४ | २२,२६१.५२ | ५६.४८ | १३.५७ |
| निष्क्रिय कर्जा | १३७.०९ | २६३.५१ | २३४.५५ | ५०८.३० | ९२.२२ | ११६.७१ |
| **कुल कर्जा तथा सापट** | **१,१६,५१.६५** | **१,८२,८१.९३** | **१,९८,३६.४९** | **२,२७,६९.८२** | ५६.९० | १४.७९ |
| निष्क्रिय कर्जा अनुपात | **१.१८** | **१.४४** | **१.१८** | **२.२३** | | |

६. **समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ प्रवाह भएको कर्जाको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा रकम २०७६ चैत मसान्तमा रु. २ खर्ब ६६ अर्ब ९८ करोड मध्ये रु. १ खर्ब ११ अर्ब २५ करोड अर्थात ४१.६७ प्रतिशत कृषि क्षेत्रमा प्रवाह भएको देखिन्छ । २०७६ असार मसान्तमा कृषि क्षेत्रमा रु. ९३ अर्ब ९२ करोड अर्थात ३९.९४ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा २.९५ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३३.५८ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । समग्रमा समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको हिस्सा १४.७१ प्रतिशत रहेको छ (तालिका ७)।

**तालिका ७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

**(रु. करोडमा)**

| कर्जा विवरण | २०७६ असार ( रु. करोडमा ) | २०७६ असार ( प्रतिशत ) | २०७६ चैत ( रु. करोडमा ) | २०७६ चैत ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | ९३९२.२७ | ३९.९४ | १११२४.७१ | ४१.६७ |
| घरेलु तथा लघु उद्योग | ८४४.०५ | ३.५९ | ७८६.९९ | २.९५ |
| सेवा व्यावसाय | ७७३५.९४ | ३२.९० | ८९६५.९५ | ३३.५८ |
| थोक कर्जा | ३६७८.८५ | १५.६४ | ३९२८.४२ | १४.७१ |
| अन्य | १८६४.२३ | ७.९३ | १८९२.१८ | ७.०९ |
| **जम्मा** | **२,३५,१५.३४** | **१००.००** | **२,६६,९८.२४** | **१००.००** |

७.१ **समीक्षा अवधिमा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्थामा उल्लेख्य वृद्धि भएको छ** । २०७६ चैत मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७६ असार मसान्तको तुलनामा ३१.५१ प्रतिशतले बढेर रू. ६२ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. १४ करोड (२२.९० प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम १९.७३ प्रतिशतले बढेको थियो (तालिका ८)।

**तालिका ८: कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | २९.४३ | ४२.६७ | ४५.६७ | ४७.७८ | ४४.९९ | ४.६३ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ८.९४ | ३.२७ | १.४५ | १४.१९ | -६३.४२ | ८७८.३३ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **३८.३७** | **४५.९४** | **४७.१२** | **६१.९७** | १९.७३ | ३१.५१ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.३०** | **१.३३** | **१.२८** | **१.५८** | | |

**७.२ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको समीक्षा अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७६ असार मसान्तको तुलनामा ३८.७२ प्रतिशतले बढेर रू. ४ अर्ब ९१ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. २ अर्ब ८७ करोड (५८.५२ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ७४.०५ प्रतिशतले बढेको थियो (तालिका ९)।

**तालिका ९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | १०७.३४ | १७४.२० | १८३.७३ | २०३.७१ | ६२.२९ | १०.८७ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ९३.४७ | १७५.३० | १७०.३१ | २८७.४१ | ८७.५५ | ६८.७६ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **२००.८१** | **३४९.५०** | **३५४.०४** | **४९१.१२** | ७४.०५ | ३८.७२ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.७२** | **१.९१** | **१.७८** | **२.१६** | | |

**८. समीक्षा अवधिमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जामा धितो कर्जाको अंश बढेको छ भने लघु व्यवसाय कर्जाको अंशमा सामान्य ह्रास आएको छ ।** २०७६ चैत मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासंग कुल कर्जा तथा सापटको अनुपात १७.९५ प्रतिशत रहेको छ भने उक्त अनुपात अघिल्लो आर्थिक वर्षको सोही अवधिमा १५.८२ प्रतिशत मात्र रहेको थियो । लघु व्यवसाय कर्जाको अंश २०७५ चैत मसान्तमा ७८.०४ प्रतिशत रहेकोमा २०७६ चैतमा ७६.४७ प्रतिशत रहेको छ (तालिका १०)।

**तालिका १०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | १६७६.१२ | २८९२.५८ | ३३१३.४२ | ४०८६.३७ | ७२.५८ | २३.३३ |
| लघु व्यवसाय कर्जा | ९३२५.२३ | १४२६६.४५ | १५३०७.५६ | १७४११.०४ | ५२.९९ | १३.७४ |
| अन्य कर्जा | ६५०.३० | ११२२.९० | १२१५.५१ | १२७२.४१ | ७२.६७ | ४.६८ |
| कुल कर्जा तथा सापट प्रदान | ११६५१.६५ | १८२८१.९३ | १९८३६.४९ | २२७६९.८२ | ५६.९० | १४.७९ |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **१४.३९** | **१५.८२** | **१६.७०** | **१७.९५** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | **८०.०३** | **७८.०४** | **७७.१७** | **७६.४७** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **५.५८** | **६.१४** | **६.१३** | **५.५९** | | |

## लगानी

९. **समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरूले लगानीमा पनि उल्लेख्य वृद्धि गरेका छन् ।** २०७६ चैत मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. ११ अर्ब ९ करोड पुगेको छ, जुन २०७६ असारको तुलनामा ३३१.०४ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी ४४.२४ प्रतिशतले मात्र बढेको थियो । यस आर्थिक वर्षको तेस्रो त्रयमासमा लगानीको प्रमुख अंशको रुपमा रहेको मुद्धती निक्षेपमा उल्लेख्य वृद्धि भएको कारणले लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानीमा पनि उल्लेख्य वृद्धि देखिएको हो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०७६ चैतसम्म रु. ९ अर्ब ८३ करोड राखेका छन् जुन रकम २०७६ असारको तुलनामा ५५०.९९ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्धती निक्षेपमा राखेको रकम ३१.१० प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूको समीक्षा अवधिमा सरकारी सुरक्षणपत्रमा गरेको लगानी बढेको भएतापनि शेयर तथा डिवेन्चरमा गरेको लगानी भने घटेको देखिन्छ (तालिका ११) ।

**तालिका ११: लगानी विवरण**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सरकारी सुरक्षणपत्र | ३.८७ | ३०.२४ | ३०.९९ | ३५.७४ | ६८१.४० | १५.३१ |
| शेयर तथा डिवेन्चर | १०.१६ | २४.९९ | २४.९९ | २४.४५ | १४५.९६ | -२.१६ |
| मुद्धती निक्षेप | १८८.६७ | २४७.३४ | १५१.११ | ९८३.७१ | ३१.१० | ५५०.९९ |
| अन्य लगानी | ४६.८४ | ५७.३७ | ५०.२८ | ६५.४६ | २२.४८ | ३०.१९ |
| **जम्मा लगानी** | **२४९.५४** | **३५९.९४** | **२५७.३७** | **११०९.३६** | ४४.२४ | ३३१.०४ |

## जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

१०. **लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पति र जोखिम भारित सम्पति दुवै उल्लेख्य दरले बढेको छ** । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ३ खर्ब १९ अर्ब ५४ करोड पुगेको छ । यो २०७६ असार मसान्तको रु. २ खर्ब ६९ अर्ब ५ करोडको तुलनामा १८.७७ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति ४६.८३ प्रतिशतले बढेको थियो । २०७६ चैत मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ९१.५१ प्रतिशत रहेको छ, जुन २०७६ असार मसान्तमा ९१.७१ प्रतिशत रहेको थियो । (तालिका १२)।

**तालिका १२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| कुल सम्पत्ति | १७३२१.८४ | २५०३७.९१ | २६९०५.०७ | ३१९५३.९० | ४६.८३ | १८.७७ |
| जोखिम भारित सम्पत्ति | १५५३३.७७ | २२९१३.५४ | २४६७५.७४ | २९२४१.१५ | ४७.५१ | १८.५० |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **८९.६८** | **९१.५२** | **९१.७१** | **९१.५१** | | |

## मुनाफा स्थिति

**११.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा अघिल्लो आर्थिक वर्षको तेस्रो त्रयमासको तुलनामा सामान्य वृद्धि भएको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. ३ अर्ब २७ करोड र ब्याज खर्च रु. १ अर्ब ९२ करोड रहेको छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. ७२ करोड ७८ लाख खुद मुनाफा गरेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा ७२ करोड ५१ लाख रहेको थियो । (तालिका १३) ।

**तालिका १३: मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| ब्याज आम्दानी | ४१८.७८ | ३७८.८० | ५२७.८० | ३२६.९० | -९.५५ | -३८.०६ |
| ब्याज खर्च | २७८.२६ | २५५.६५ | ३५४.१८ | १९१.९६ | -८.१३ | -४५.८० |
| संचालन आम्दानी | १२२.४७ | १३२.१६ | १८६.३७ | १४२.९७ | ७.९१ | -२३.२९ |
| खूद नाफा/नोक्सान | ७९.८१ | ७२.५१ | १०२.०६ | ७२.७८ | -९.१५ | -२८.६९ |

**११.२ समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा अघिल्लो आर्थिक वर्षको तेस्रो त्रयमासको तुलनामा उल्लेख्य दरमा बढेको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७५/७६ को तेस्रो त्रयमाससम्ममा खुद मुनाफा रु. ३ अर्ब ५२ करोड मात्र रहेकोमा यस आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा ४ अर्ब ९ करोड रहेको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को तेस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. २६ अर्ब २१ करोड र ब्याज खर्च रु. १४ अर्ब ३१ करोड रहेको छ (तालिका १४)। यस अवधिमा सञ्चालित ८५ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये १४ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

२०७६ चैत मसान्तमा बुद्धज्योति लघुवित्त वित्तीय संस्था लि., समाज लघुवित्त वित्तीय संस्था लि., दिव्य लघुवित्त वित्तीय संस्था लि., स्वेडा लघुवित्त वित्तीय संस्था लि., स्मार्ट लघुवित्त वित्तीय संस्था लि., सल्भ लघुवित्त वित्तीय संस्था लि., वीन लघुवित्त वित्तीय संस्था लि., उपकार लघुवित्त वित्तीय संस्था लि., स्वस्तिक लघुवित्त वित्तीय संस्था लि., जनकपुर लघुवित्त वित्तीय संस्था लि., विपिडब्लु लघुवित्त वित्तीय संस्था लि., शालिग्राम लघुवित्त वित्तीय संस्था लि., अभियान लघुवित्त वित्तीय संस्था लि. र देउराली लघुवित्त वित्तीय संस्था लि. खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका १४: मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| ब्याज आम्दानी | १८०६.७१ | १८७२.४० | २७६४.९३ | २६२१.३० | ३.६४ | -५.१९ |
| ब्याज खर्च | ८९९.८२ | ९६४.०२ | १४२०.७७ | १४३०.७५ | ७.१३ | ०.७० |
| संचालन आम्दानी | ४५३.२ | १२२७.५६ | १८११.९४ | १५७७.९५ | १७०.८६ | -१२.९१ |
| खूद नाफा/नोक्सान | ३१०.७५ | ३५२.२२ | ५४२.६७ | ४०९.६० | १३.३५ | -२४.५२ |

## तरलता स्थिति

१२.१ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पतिमा ह्रास आएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७६ चैत मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०७६ असारको तुलनामा २७.१९ प्रतिशतले ह्रास भई रु. ४ अर्ब २८ करोड पुगेको छ ।

**तालिका १५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | २.५ | ३.९१ | २.७१ | ६.७८ | ५६.४० | १५०.०९ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ४१.३५ | ६४.४० | ७६.९४ | ८८.२५ | ५५.७४ | १४.६९ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ३९६.२३ | ३४२.०५ | ४७७.४० | २९७.४० | -१३.६७ | -३७.७० |
| सरकारी सुरक्षणपत्रमा लगानी | ३.८७ | ३०.२४ | ३०.९९ | ३५.७४ | ६८१.४० | १५.३१ |
| **कुल तरल सम्पत्ति** | **४४३.९५** | **४४०.६०** | **५८८.०४** | **४२८.१६** | **-०.७५** | **-२७.१९** |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | १८८३.७० | २,२८७.८६ | २,४१८.५१ | २,९५९.५१ | २१.४६ | २२.३७ |
| कुल सापटी ( अघिल्लो त्रयमास) | १०२०.५८ | १,१५९.६० | १,१७२.८९ | १,२८९.४८ | १३.६२ | ९.९४ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **२३.६** | **१९.२६** | **२४.३१** | **१४.४७** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **४३.५०** | **१२.७८** | **१६.३७** | **१०.०८** | | |
| वैधानिक तरलता अनुपात | | | ४.३० | ४.३१ | | |
| अनिवार्य मौज्दात अनुपात | | | **२.५५** | **२.८** | | |

२०७६ चैत मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल तरल सम्पत्ति/कुल निक्षेप अनुपात १४.४७ प्रतिशत रहेको छ । २०७५ चैत र २०७६ असार मसान्तमा यस्तो अनुपात क्रमशः १९.२६ प्रतिशत र २४.३१ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ चैत महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.३१ प्रतिशत र २.८ प्रतिशत रहेको छ -तालिका १५)। समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको दर भित्रै रहेको छ ।

१२.२ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थितिमा क्रमिक सुधार भएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ चैत मसान्तमा तरल सम्पत्ति २०७६ असारको तुलनामा ४८.३५ प्रतिशतले वृद्धि भई रु. २० अर्ब ३८ करोड पुगेको छ । २०७६ चैत मसान्तमा तरल सम्पत्ति/कुल निक्षेप अनुपात २९.४६ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा बित्तीय संस्था मौज्दात बढाएको कारण कुल तरल सम्पतिमा उच्च वृद्धि देखिन्छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ चैत महिनाको अनिवार्य मौज्दात अनुपात औषतमा ०.६५ प्रतिशत रहेको छ (तालिका १६) । समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको दर भित्रै रहेको छ ।

**तालिका १६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ चैत (२) | २०७६ असार (३) | २०७६ चैत (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | १२.२४ | १८.०१ | १८.६९ | ३०.९९ | ४७.१४ | ६५.८३ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ३१.९६ | ३७.५२ | ४६.०३ | ५०.३९ | १७.४० | ९.४७ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ११५४.०४ | १,१८३.२९ | १,३०८.९२ | १,९५६.४४ | २.५३ | ४९.४७ |
| सरकारी सुरक्षणपत्रमा लगानी | | - | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | ११९८.२४ | १२३८.८२ | १३७३.६४ | २०३७.८२ | ३.३९ | ४८.३५ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | २६०८.३३ | ३,७७४.६७ | ५,३२१.९२ | ६,९१६.३८ | ४४.७२ | २९.९६ |
| कुल सापटी (अघिल्लो त्रयमास) | ६९१३.४८ | ९,२४१.१७ | १०,६६५.४५ | १३,२०४.४८ | ३३.६७ | २३.८१ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **४५.९४** | **३२.८२** | **२५.८१** | **२९.४६** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **१७.३३** | **९.५२** | **८.५९** | **१०.१३** | | |
| अनिवार्य मौज्दात अनुपात | | | **०.६७** | **०.६५** | | |